


नेपालले हरित, उत्थानशील र समावेशी विकास (GRID) को मार्गतर्फ रूपान्तरण आरम्भ गर्दैछ । कोभिड–१९ महामारीबाट सिर्जित बेरोजगारी, असमानता, जलवायु परिवर्तन र वातावरण क्षयीकरण, र विश्वव्यापी आर्थिक मन्दी एकअर्कासँग अन्तरसम्बन्धित चुनौतीहरु हुन् । यी चुनौतीहरुलाई राष्ट्रले दिगो, एकीकृत तथा व्यवस्थित रुपमा सम्बोधन गर्न आवश्यक छ । यी संकटहरुको संवेदनशिलतालाई ध्यानमा राख्दै, पर्याप्त लगानी र आवश्यक नीति कार्यान्वयन, अन्तर्राष्ट्रिय वित्तीय सहयोग र सहायता सहित गरिब तथा सङ्कटासन्न अवस्थामा परेका मानिसहरुलाई लक्षित गरी, नेपाली समाजमा थप समावेशी अवसर र हरित रोजगारीहरु सिर्जना गर्न आवश्यक छ । हरित, उत्थानशील र समावेशी विकासले नेपालमा देखिएका र भविष्यमा आईपर्ने संकटहरुको सही प्रतिक्रियात्मक कार्य पहिचान गरी विकासको पथलाई हरित, उत्थानशिल र समावेशी बनाउन आवश्यक अवसरहरु सृजना गर्ने पहलकदमी गर्दछ

**GREEN**

हरित अर्थतन्त्रबाट वर्तमान र भविष्यको विकासका चुनौतीहरुलाई सार्वजनिक र निजी दुवै क्षेत्रको नेतृत्व र लगानीबाट आर्थिक वृद्धि, दीगो विकास, रोजगारी र जीविकोपार्जनको रक्षा गर्न पहल गर्ने । जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, प्रदूषणबाट स्वास्थ्यमा पर्ने प्रभाव र जैविक विविधताको विनाश जस्ता जोखिमहरुले आर्थिक वृद्धिदरलाई संकुचित बनाउन सक्छ ।

**RESILIENT**

भविष्यमा पर्ने सम्भाव्य आघातहरु (Shocks) बाट नेपाललाई पूर्णरूपमा सुरक्षित गरी सामान्य अवस्थामा फर्कन सक्ने बनाउने । आर्थिक मन्दी, वित्तीय अस्थिरता, द्वन्द्व, प्राकृतिक प्रकोप, प्राकृतिक स्रोतमा आउने ह्रास, जलवायु परिवर्तन, प्रदूषण तथा महामारी लगायत विभिन्न प्रकारका जोखिम तथा अनिश्चितताको पूर्वतयारी तथा जोखिम व्यवस्थापनमा लगानी गर्ने । यस्ता जोखिम तथा अनिश्चितताहरु प्राय: अन्तरसम्बन्धित हुने गरेका छन् ।

**INCLUSIVE**

विद्यमान असमानता तथा बहिष्करणले विकासको मार्गमा बाधा निम्त्याउँछ । तसर्थ, अबको विकासका प्रयासहरुले कसैलाई छुटाउनु हुँदैन, अवसर तथा प्रतिफलमा हुने विभेद घटाउनुपर्छ र बहिष्करणमा परेका समूहहरुलाई लाभको उचित हिस्सा प्राप्त गर्न सहयोग गर्नुपर्छ । मानव पूँजीको सम्भाव्यतालाई खोजी गर्दा उत्थानशील हरित आर्थिक वृद्धिलाई अघि बढाउन मद्दत गर्दछ ।

## काठमाडौं घोषणापत्र (२०२१) पछिका केही उपलब्धिहरु

- हरित, उत्थानशील र समावेशी विकास (GRID) रणनीतिक कार्य योजना २०२४-२०३४ तयार भई छलफलको क्रममा रहेको ।
- यस अवधारणाले नेपाललाई आफ्ना राष्ट्रिय, प्रादेशिक र स्थानियतहका विकास योजनाहरु, राष्ट्रिय निर्धारित योगदान, राष्ट्रिय अनुकूलन योजना आदिमा प्राथमिकताहरुको कार्यान्वयनका लागि सार्वजनिक तथा निजी क्षेत्रको वित्तीय लगानी र कार्यहरु गर्न समन्वय गरेको ।
- GRID प्राथमिकीकरणका मापदण्ड तयार: (१) हरित, उत्थानशीलता र समावेशीतामा उद्देश्यहरु एकैसाथ हासिल हुने खालका सबै लगानी र नीतिहरु, (२) नेपाली असल अभ्यास र सफलताहरुमा आधारित, (३) रुपान्तरणकारी प्रभाव : विस्तारयोग्य लगानी र नीतिहरु जसबाट विकासका पहलहरुमा रुपान्तरणकारी प्रभाव आउने। (४) कार्यान्वयनको व्यावहारिक पाटा: नेपालमा लगानी र नीति लागू गर्न सकिने, र (५) वित्तीय स्रोतहरुको उपलब्धता तथा लगानी परिचालन गर्ने वातावरण ।
- विकास साझेदारबाट नयाँ आयोजनामा लगानीहरु थप स्पष्ट रूपमा GRID अवधारणासँग आबद्ध गरिएको ।
- बजेट सहायता नीति सञ्चालनको सहयोगमा विभिन्न नीतिगत सुधारहरुले सबै क्षेत्रमा GRID संक्रमण (ट्रान्जिसन) को वातावरणलाई सुदृढ बनाइरहेको ।
- सबै क्षेत्र र सरोकारवालाहरुका प्राथमिकता बुझ्न GRID को नीतिगत तहमा विषयगत सातवटा गोलमेच (राउन्डटेबल) बैठक गरिएको ।
- १९ वटा नीतिगत पत्रहरुको मस्यौदा तयार गरिएको ।
- मस्यौदा रणनीतिक कार्य योजनामा GRID कार्यदलकाबाट राय र सुझाव लिने क्रममा ।

नेपाल सरकार र विकास साझेदारहरुले हरित, उत्थानशील र समावेशी विकास रणनीतिक कार्य योजनामा नेपालका अर्थतन्त्रका लागि १० वटा क्षेत्रगत र चार क्रस कटिङ संक्रमणकालिन (Transitions) मार्गका विषयवस्तुहरु लगानीका प्राथमिकतामा सिफारिस गरिएको छ ।

**https://rb.gy/i7528y**

**GRID रणनीतिक कार्य योजनाले पहिचान गरेका प्राथमिकताप्राप्त संक्रमणहरू (ट्रान्जिसन्स)**

## संक्रमण १: जल-कृषि-वनको अन्योन्याश्रित (आपसी) सम्बन्धबाट उचित लाभ प्राप्त गर्न भू-परिधि व्यवस्थापन

- उत्पादनमूलक जीविकोपार्जनका साथै संरक्षणका लागि सामुदायिक वनको अभिवृद्धि
- बहुउद्देश्यीय जल भण्डारण र ऊर्जा उत्पादनमा विस्तार
- जलवायुमैत्री कृषि, बजारीकरण, जोखिम व्यवस्थापन, मूल्य अभिवृद्धि, खाद्यान्नमा हुने नोक्सानिको न्यूनीकरण
- थप सहुलियत नीतिको ढाँचासहित संरक्षित क्षेत्रमा संरक्षणमा आधारित पर्यटन
- अधिकतम लाभ प्राप्त गर्न एकीकृत अवधारणा

## संक्रमण २: विपद् जोखिम व्यवस्थापन, पूर्वतयारी र सामाजिक सुरक्षा

- सवै तहमा विपद पूर्वसूचना प्रणालीहरूको विकास
- तहगत विपद् जोखिम वित्तीय प्रणाली स्थापना
- सामाजिक सुरक्षा प्रणालीहरूलाई विपद्-सम्वेदनशील बनाउने

## संक्रमण ३: दिगो तथा समावेशी भूमि प्रशासन

- सवै तहमा दिगो, व्यवस्थित र समतामूलक भू-प्रशासन, भूउपयोग योजना र मोहियानी हकको सुरक्षा अभिवृद्धि

## संक्रमण ४: दिगो र उत्थानशील सडक र यातायात

- डिजाइनमा भूप्राविधिक, जैविकभौतिक, जल तथा मौसम विज्ञान र इन्जिनियरिङ सुझावहरूसहित उत्थानशील सडक
- सञ्जाल स्तरमा उत्थानशील योजना सुधार, दोहोरोपना हुन नदिन योजना, र भू-परिधि स्तर र प्रकृतिमा आधारित समाधानहरूको प्रर्वद्धन

## संक्रमण ५: नेपालको नवीकरणीय ऊर्जा सम्भाव्यताको प्रचुर मात्रामा उपयोग

- नवीकरणीय स्रोतहरूबाट ऊर्जा उत्पादन क्षमतामा वृद्धि
- विद्युत क्षेत्रको वित्तीय सम्भाव्यता र सुशासन अभिवृद्धि
- विद्युतीकरण र निर्यात वृद्धि गर्न बढाउन राष्ट्रिय ग्रिड विस्तार

## संक्रमण ६: हरित, उत्थानशील र समावेशी शहरहरू

- प्रकृतिमा आधारित समाधानहरु प्रयोग गरी उत्थानशील शहरी पूर्वाधारमा लगानी
- आधारभूत सेवा, सार्वजनिक यातायात, र भूउपयोग योजना सुधार
- हरित भवन कोड तथा हरित शहर पूर्वाधार निर्माण

## संक्रमण ७: उत्थानशील खानेपानी तथा सरसफाई

- खानेपानी तथा सरसफाइ, पानीको मुहान संरक्षण, र जलाधार प्रणालीमा लगानी वृद्धि र समन्वय

## संक्रमण ८: वायु गुणस्तर सुधार

- न्यून उत्सर्जन प्रविधिहरु (इँटा भट्टा, इन्धन, आदिमा), स्वच्छ शहरी यातायात, स्वच्छ चुलोको प्रयोग, खुला स्थानमा फोहोर जलाउन विधिम रोक, डढेलो व्यवस्थापन, र पूरक वातावरणीय वित्तीय नीतिहरु
- स्थानीय वायुको ढाँचा ९ब्ष्चकजभम० व्यवस्थापन सम्बन्धी नयाँ क्षेत्रीय अवधारणामा सहभागी

## संक्रमण ९: प्लाष्टिक सहित ठोस फोहोरमैलाको दिगो व्यवस्थापन

- नयाँ मूल्य श्रृंखलाहरु जस्तै: वन र कृषिबाट प्लाष्टिकको विकल्प अन्वेषण र लगानी बिस्तार गर्ने
- आधुनिक ल्यान्डफिलहरु निर्माण गर्ने

## संक्रमण १०: मानव पुँजीबाट लाभ

- शिक्षा: बजारसँग सान्दर्भिक व्यावसायिक तालिम, र अनुसन्धान तथा उद्यमशीलता डिजाइन र कार्यान्वयन
- स्वास्थ्य: जनस्वास्थ्य प्रणाली सहितको वातावरणीय स्वास्थ्य, एक स्वास्थ्य (One Health)
- रोजगारीको सुनिश्चितता

## सबै संक्रमणहरू (ट्रान्जिसन्स) सँग अन्तरसम्बन्धित विषयहरू

| वातावरणीय शासन | लैङ्गिक तथा सामाजिक समावेशीकरण | निजी पूँजीको परिचालन | डिजिटल विकासलाई गति |
| --- | --- | --- | --- |
| रणनीतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कन, वातावरणीय प्रभाव मूल्याङ्कन, अनुगमन | आर्थिक वृद्धिमा योगदान गर्न र लाभान्वित हुने महिला, दलित र अन्य सङ्कटासन्न समूहहरुका लागि सम्भावनाको ढोका खोल्न सबै कार्यक्रमहरूलाई समावेशीकरणमा आधारित बनाउने | निजी पूँजी परिचालनका लागि वातावरण बनाउने: राम्रा नीति र आयोजनाहरूका साथ निजी लगानीको सम्भावनाको ढोका खोल्ने | डिजिटल विकासलाई गति दिने: डिजिटल समाधान र नवीनतम प्रविधिहरूको विस्तार |

ADB · ain · Australian Government Department of Home Affairs · British Embassy Kathmandu · European Union · Embassy of Finland Kathmandu · Ambassade de France au Népal · Embassy of Switzerland in Nepal · Embassy of the Republic of Korea

Embassy of the Federal Republic of Germany Kathmandu · ICIMOD · IFC International Finance Corporation – Creating Markets, Creating Opportunities · International Monetary Fund · Norway in Nepal – Royal Norwegian Embassy in Kathmandu · United States Embassy · United Nations Nepal · The World Bank